# CIT Mobile App प्रयोग गर्ने तरिका

**नागरिक लगानी कोषका कार्यक्रम :** बचतबृद्धि स्वीकृत अवकाश कोष, निजामती कर्मचारी जीवन बीमा कोष, नेपाल प्रहरी जीवन बीमा कोष, नेपाली सेना जीवन बीमा कोष, सशस्त्र प्रहरी जीवन बीमा कोष, नार्क जीवन बीमा कोष अर्न्तगतको ऋण सापटी तथा बचत भइरहेको रकमको स्टेटमेन्ट CIT Mobile App बाट हेर्न सकिन्छ ।

**App डाउनलोड गर्ने तरिका :** बचतबृद्धि स्वीकृत अवकाश कोष र बीमा कोषका सबै सहभागीहरुले कोषको उक्त सेवा लिनका लागि Android Operating System भएको मोबाइलका Play Store मा गएर CIT App खोज्ने र सो App लाई Download गर्नुपर्ने हुन्छ । यो सेवा IOS(Apple) Operating System भएको मोबाइलमा उपलब्ध छैन ।

**प्रयोग कसरी गर्ने :**

**अनलाइन मोड :** यदि तपाईको मोबाइलमा इन्टरनेटको सुबिधा छ भने अनलाइन मोडको स्त्रीन देखिनेछ । त्यहाँ Register बटनमा गई आफ्नो नाम, मोबाइल नम्बर, आफू कार्यरत रहेको कार्यालयको नाम, बीमा कोष अर्न्तगतको बीमा कोष छनोट गरी बीमा परिचयपत्र नम्बर र यदि बीमा नभएका सहभागीहरुको हकमा अवकाश कोषमा ठिक चिन्हमा ☑ लगाई कोषको परिचयपत्र नम्बर राखेर रजिष्टर गर्नुपर्दछ ।

रजिष्टर गरे पश्चात कोषको तर्फबाट स्वीकृति प्रदान गरिनेछ र सहभागीको मोबइलमा पिन कोड सहितको SMS आउनेछ ।

तत्पश्चात अनलाइन मोडमा सहभागीले आफ्नो मोबाइल नम्बर र SMS मा प्राप्त पिन कोड राखि Login गरी अवकोश कोषमा जम्मा भएको रकम र कोषबाट ऋण सापटीको स्टेटमेन्ट तथा बीमा  कोषमा जम्मा भएको रकमको स्टेटमेन्ट हेर्न सकिनेछ ।

CIT Mobile App भन्दा अगाडीको SMS Service प्रयोगकर्ताले पुरानै पिन प्रयोग गरि CIT mobile App login गर्न पनि सक्नुहुनेछ ।  SMS सेवा NTC/Ncell का प्रयोगकर्ताहरुको लागि मात्र उपलब्ध छ । यो सूचना कोषको वेबसाइट www.nlk.org.np मा समेत हेर्न सकिन्छ । यो निःशुल्क हो र कुनै Support चाहिएमा फोनः ०१–४७८५३२१/०१–४७८५३१९/०१–४७८५३२५ Ext. १६२ मा सम्पर्क राख्नु होला ।